# तारकेश्वर नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०७७

प्रमाणिकरण मितिः २०७७।०२।०२

**<u>प्रस्तावना</u>** : तारकेश्वर नगरपालिकाको नाममा रहेको एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गरी एम्बुलेन्स सेवालाई जनताको पहुँचसम्म पुऱ्याई सेवाको गुणस्तर अभिबृद्धि गर्नुपर्ने भएकोले **तारकेश्वर नगरपालिकाको** प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग यो एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त **<u>नाम र प्रारम्भ</u>** :

१.यस निर्देशिकाको नाम तारकेश्वर नगरपालिकाको एम्बलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७ रहेको छ ।

२.यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा र व्याख्या</u> :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क. “एम्बुलेन्स” भन्नाले विरामी ओसार प्रसार गर्ने (ल्याउने/पुऱ्याउने) वाहनलाई सम्झनु पर्दछ ।

ख. “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी तथा चालकलाई सम्झनु पर्दछ ।

ग. “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्दछ ।

घ. “नगरपालिका” भन्नाले तारकेश्वर नगरकार्यपालिका समेतलाई सम्झनु पर्दछ ।

ङ. “समिति” भन्नाले दफा ५ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

च. “शुल्क” भन्नाले समितिले तोकेको अनुमति, नविकरण वा अन्य सेवा शुल्कलाई सम्झनु पर्दछ ।

छ. “सेवा” भन्नाले एम्बुलेन्सले विरामिलाई दिने सेवा सम्झनु पर्दछ ।

३. <u>**सञ्चालन** र व्यवस्थापन</u>

१. नगरपालिकाले आफ्नो नाममा भएको एम्बुलेन्सबाट सेवा सञ्चालन गर्नेछ ।

२. समितिले एम्बुलेन्स सेवाको लागि इन्धन खर्च वापत मनासिव रकम तोक्न सक्नेछ । त्यसरी तोके अनुसारको रकम लिई सोको बिल सेवाग्राहीलाई उपलब्ध गराउनु पर्नेछ ।

३. विरामीलाई विरामी रहेको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीको बासस्थान सम्म पुऱ्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नुपदर्छ।

४.बेवारिसे तथा सडक दुर्घटनामा परेका एवं इन्धन खर्च तत्काल बुझाउन नसक्ने व्यक्तिलाई एम्बुलेन्सको सेवा निशुल्क प्रदान गरिनेछ ।

५ कुनैपनि वहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चित गर्न पाईने छैन ।

६. एम्बुलेन्सलाई २४सै घण्टा सेवा प्रदान गर्ने हालतमा राखिनेछ ।

७. एम्बुलेन्स सञ्चालनबाट प्राप्त रकम र त्यसवाट भएको खर्च प्रत्येक महिना स्वास्थ्य शाखा मार्फत तारकेश्वर नगरपालिका राजश्व शाखालाई जानकारी गराउनु पर्नेछ ।

८. नगरपालिकाबाट प्राप्त निर्देशनलाई स्वास्थ्य शाखाले अक्षरस पालना गर्नुपर्नेछ ।

## ४. एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरण

१. . राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

२.. एम्बुलेन्सको पहिचान हुने गरी साईरन बत्ती जडान, ह्वील ड्राईभ भएको हुनुपर्नेछ ।

३. एम्बुलेन्समा “एम्बुलेन्स” शब्द र संस्था र चालकको टेलिफोन नं अग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनुपर्नेछ ।

४. एम्बुलेन्सको चालकको सिट पछाडि कुनैपनि सिट नराखेको हुनुपर्नेछ ।

५. सेवा वापत लाग्ने अनुमानित इन्धन खर्च प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गरि राख्नु पर्ने छ ।

## ५. एम्बुलेन्स सेवा सञ्चालन समिति

१). एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न देहायको पदाधिकारी रहेको एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

| | |
|---|---|
| १. प्रमुख | अध्यक्ष |
| २. उप-प्रमुख | सदस्य |
| ३. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४. प्रमुखले तोकेको नगरपालिकाको वडा अध्यक्षहरु मध्येबाट १ जना | सदस्य |
| ५. महिला स्वास्थ्य स्वयमसेविका मध्येवाट प्रमुखले तोकेको १ जना | सदस्य |
| ६. स्वास्थ्य शाखा प्रमुखले तोकेको १ जना स्वास्थ्य सेवी | सदस्य |
| ७.-स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिब |

२) समितिको काम , कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

क. एम्बुलेन्स सेवालाई व्यवस्थित रुपमा परिचालन गर्ने ।
ख. व्यवस्थित रुपमा परिचालन भए, नभएको अनुगमन गर्ने र उपयुक्त निर्देशन दिने ।
ग. एम्बुलेन्स सेवा उपयोग गरेवापत लाग्ने सेवा शुल्क रकम तोक्ने ।
घ. दैवी प्रकोप तथा महाामारी समयमा एम्बुलेन्स सञ्चालनलाई प्रभावकारी बनाउने ।

६. एम्बुलेन्स शुल्कः

क. तारकेश्वर नगरपालिका भरी :-रु.४००।-
ख. तारकेश्वर नगरपालिकाबाट उपत्यका काठमाण्डौ :-रु ७००।-
ग. तारकेश्वर नगरपालिकाबाट भक्तपुर :-रु १०००।-
घ. तारकेश्वर नगरपालिकाबाट ललितपुर :-रु १०००।-
ङ. काठमाण्डौ उपत्यका बाहिर :-

७. एम्बुलेन्स चालक सम्बन्धमा १) एम्बुलेन्स चालकको योग्यता देहाय बमोजिम हुनेछ ।
क) रितपुर्वक सवारी चालक अनुमती-पत्र लिएको ।
ख) .सवारी चालकको रुपमा न्यूनतम ३(तीन) बर्षको अनुभव भएको ।
ग) कम्तिमा २४ बर्ष उमेर पुरा गरेको ।
घ).आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेकोलाई प्राथमिकता दिइनेछ ।

८. एम्बुलेन्स चालकको मासिक तलब भत्ता निर्धारण सम्बन्धमा
क. एम्बुलेन्स चालकको मासिक तलब भत्ता श्रेणी विहिन प्रथम तह सवारी चालक सरह हुनेछ ।
ख. महामारीको समयमा समितिले निर्णय गरे बमोजिम सवारी चालकलाई प्रोत्साहन भत्ता दिन सकिनेछ ।
ग. एम्बुलेन्स चालकको नियुक्ति करारमा गरिनेछ । करार अवधि समाप्त भए पश्चात चालकको कामको मूल्याङ्कन गरी करार अवधि थप गर्न सकिनेछ ।
घ. आचार संहिता उल्लघंन गरेको पाईएमा जुनसुकै समय सम्झौता रद्ध गर्न सकिनेछ ।

## ९. एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

क. यो निर्देशिकालाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

ख. आफ्नो पेशागत भूमिका निवार्ह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न पाईने छैन ।

ग. मद्यपान वा धुम्रपान गरी एम्बुलेन्स चलाउन पाइने छैन ।

घ.विरामी ओसार पसार गर्ने क्रममा विरामीको वारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्नेछ ।

ङ. विरामीलाई बिच बाटोमा छोड्न पाइने छैन ।

च. सेवा शुल्क वापत उठेको रकम संचित कोषमा दाखिला गरि सोको बैकं भौचर नगर स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ ।

छ.सेवाग्राहीबाट तोकीएको सेवा शुल्क बाहेक अन्य कुनैपनि अतिरिक्त रकम माग्न तथा लिन पाईने छैन ।

ज. आफ्नो कामको सिलसिलामा भएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीबाट पाएको जानकारी कुनै तेस्रो पक्षलाई बताउन पाइनेर्छैन । तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिनुपर्नेछ ।

झ.प्रचलित कानूनको पालना गर्नुपर्नेछ । गैरकानुनी निषेधित वस्तु सामान बोक्न पाइने छैन । यसरी बोकेको पाइएमा चालक नै सम्पुर्ण जवाफदेही हुनेछ ।

ञ.सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क वापतको रकम बुझिलिदा अनिवार्य रुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछि अर्धकट्टी अनुसारको सबै प्राप्त सेवा शुल्क जम्मा गरेको विवरण बुझाए पछि मात्रै अर्को नगदी रसिदको ठेली जिन्सी शाखावाट उपलब्ध गराईने छ ।

ट) एम्वुलेन्स चालकले स्वास्थ्य शाखावाट प्राप्त निर्देशनको पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।